**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०४/२८**

**छैटौं अधिवेशन**

**(उनन्तिसौं वैठक)**

**बाचन पत्र (रीडिङ्ग पेपर)**

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको उनन्तिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम शून्य समय निर्धारण गरेको छु । शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मीनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय कुन्ती जोशीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, बर्षे अधिवेशनमा सुदुरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरुमा कतै बाढी पहिरो र कतै पहिरो लगायतको बाढीले गर्दा असाध्यै जोखिममा परेको कुराहरु त यहा सबैलाई जानकारी रहेको कुराहरु नै हो र डडेल्धुरा जिल्लाको हकमा डडेल्धुराको आलीताल गाउपालीका र प्रशुराम नगरपालीकामा करीबन धेरै पहिरो र बाढीले गर्दाखेरी धेरै जोखिम अवस्थामा रहेको छ र लीताल गाउपालीकाको यउटा वडा नै विशेस गरी ५/६ वटा गाउ १० वटा घर परीवार पुर्ण क्षति भयर बिस्थापित भयको स्थिति छ भने करीबन १०० परीवार उच्च जोखिममा रहेको कुराहरु पनि हामी स्वम त्यहा अवलोकन गर्या अवस्थामा हामी त्यहा पुगेका थियौ र त्यहा जादाखेरी उच्च जोखिम ग्रस्त स्थिति हामीले देखेका थियौ । त्यहा त्यस्तो अवस्थामा छ र साथसाथै आलीताल गाउपालीका प्रशुराम नगरपालीका र भागेश्वर गाउपालीकामा जनताहरुले लगायको बाली बिशेस गरी मकै खेतिलाई अहिले पछिल्लो बाली निस्कि पछि सकेको अवस्थालाई पुरै क्षति ग्रस्त भयर त्यहा ढलेर कतै कति परीवार हर त लगभग त्यसकै निर्भरतामा रहेको र उनिहरुले लगभग धेरै ठुलो क्षति भयको अवस्था छ त्यसैले मैले अनुरोध गर्न चाहान्छु सभामुख मार्फत प्रदेश सरकारलाईत्यहाको हामीले रीपोर्ट पनि ल्याउने छौ र त्यो रीपोर्ट अनुसार उच्च जोखिममा परेका र खानै नपुग्ने अवस्थामा रहेका जनताहरुको चाहि क्षतिको लागि हामी माग गर्न चाहान्छौ र हिजोमात्रै कैलाली बाट अछाम गैराखेको जुन बस डोटिमा दुर्घटना भयो त्यहा दुर्घटना ग्रस्त भयर मृतक प्रति हार्दिक श्रदान्जली रघाईते प्रति शिघ्रस्वास्थ्य लाबको कामना गर्न चाहान्छु र हामीले ति

उठान गर्दै आयका विषयबस्तुहरुलाई सरकारले नसुन्ने मात्र होइन सरकारले काम गर्ने कतै गर्ने कुराहरु पनि गरी राखेको छ तर पनि हामीले जुन रफ्तारमा गर्नुपर्ने हो त्यो रफ्तारलाई छोप्न नसकेको हो कि बन्ने खालको पनि हामीले समीक्षा गर्दै अगाडि बढ्नुपर्छ पहाडि जिल्लाहरुमा झनठुलो संकट पैदा भयको छ हामीले देखेका छौ ७ वटै जिल्लाहरुमा कुनै जिल्ला पनि समस्यामा नआयको भन्ने छैन सवै जिल्ला हरुमा कतै घर भत्कियर मान्छे मरेका छन भने कतै पहिरोले गर्दाखेरी उच्च जोखिममा रहेको कुरा छदै छ यस्तो लाई समयमै सरकारले ध्यानाकर्षण गरेर क्षतिपुर्ति सहित त्यहा यउटा खालको समाधान गरोस भन्दै बिदा हुन्छु धन्यबाद

**माननीय श्यामलाल रानाथारु**

माननीय सभामुख महोदय, कञ्चनपुर जिल्लाको कृष्नपुर नगरपालीका वडा न. ६ मा रहेको महाकाली पारीको क्वारेन्टाईनमा हिजो मात्रै दिउसो तिन बजे हिजो मात्रै भारतको बैङ्गलोरबाट आयका २३ बर्षे राना देविको जुन क्वारेन्टाइनमा नाङ्गो तारले छोयर करेन्ट लागेर असामायिक निधन भयको छ मृतक प्रति श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु  साथै शोक सन्तप्त परीवार पर्ति गहिरो समवेदना प्रकट गर्न चाहान्छु । वास्तवमा त्यो घटना क्वारेन्टाइनको व्यवस्थापनको कमजोरीले भयको हो नाङ्गो तार त्यहा रहेको देखियो त्यो कारणले यसको सम्पुर्ण जिम्मेवारी क्वारेन्टाइन व्यवस्थापन गर्ने पक्षले लीनुपर्छ र त्यसको उचित छानविन गरेर दोषि यदि कोहि छ भने त्यसको पत्ता लगायर कडा कारबाहि का साथसाथै मृतक परीवारलाई उचित राहत को पनि व्यवस्था गरीयोस भन्ने माग राख्न चाहान्छु र साथसाथै पुनः यस्ता घटनाहरु नदोहोरीयोस भन्नका लागि सरकार सचेत हुनुपर्छ भन्दै आफ्ना भनाई राख्न चाहान्छु, धन्यबाद ।

**माननीय गेल्बु सिंह बोहरा**

माननीय सभामुख महोदय, यही अषाढ र श्रावणको अविरल बर्षाको कारणले गर्दाखेरी सुदुरपश्चिमका ९ वटै जिल्ला पहाडि जिल्लाहरुमा बाढी पहिरोका कारण र तराईका जिल्लाहरुमा डुबानका कारणले जनजिवन अस्त व्यस्त भयको र जनधनको हानि भएकोले सर्बप्रथम त म सम्पुर्ण यस बिपतको गरीमा भित्र रहेका सम्पुर्ण व्यक्तिहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र यशै शिलसिलामा म दार्चुला जिल्ला को नौगाढ गाउपालीका वडा न. ४ रोपनिमा असार १४ गते पहिरो गई २३ बर्षिय चन्द्रसिँ महता र ४ बर्षिय शुसान्त महताको मृत्यु भयको छ त्यसै गरी श्रावण ४ गते नौगाढमा पहिरो गई २ जना ४० बर्षिय मानमति ठगुन्ना र ४ बर्षिय ४ बर्षिय पार्वति ठगुन्ना त्यसे गरी महाकाली नगरपालीका वडा न. ३ बडाली गाउमा पहिरोमा परी नौगाढ गाउपालीका का ७ बर्षिय जेनिस ठगुन्नाको मृत्यु भयको छ त्यसै गरी मालीकार्जुन गाउपालीका वडा न. ८ शंकरपुरमा बेकमका २ जना दाजुभाइ २६ बर्षिय अर्जुन दमाई र २२ ब्रषिय मीलन दमाइको मृत्यु भयको छ त्यसै गरी गाउपालीका वडा न. ३ मा पहिरोमा परीयर ४५ बर्षिय ईन्द्रा जोशि र ५०

बर्षिय रामदत्त जोशिको मृत्यु भयको छ म माननिय सभामुख मार्फत सम्पुर्ण मृतक परीवारलाई उचित राहतको व्यवस्थाको लागि अनुरोध गर्न चाहान्छु र त्यसैगरी महाकाली नगरपालीकाको मैकोली गाउपालीकाको सुसारपानि लगायत धेरै गाउपालीकाहरु मा अहिलेको जुन बाढी पहिरोले गर्दा खेरी बस्ति नै छाड्नुपर्ने अवस्था भयकोले त्यसतर्फ पनि म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु ।

माननिय सभामुख महोदय, यसै शिलसिलामा म व्यास गाउपालीका वडा न. १ जुन छागु र टिङ्कर जहा अहिले पनि पैदल जाने बाटो पनि नभयको अवस्था र नेपाली सेनाले अषार मसान्तसम्म बाटो बनाउछु भन्ने वाचा गरेकोमा हाल सम्म बाटोतयार नभयको हुनाले यथाशिघ्र त्यो बाटो निर्माणको लागि पहल गर्दिन अनुरोध गर्न चाहान्छु र साथसाथै त्यस गाउपलीका वडा न. ४ का बासिन्दाहरुको लागि अस्तिमात्र संघिय सरकारको वाणिज्य तथा आपुर्ति मन्त्रालय बाट २०० कुण्डल चामल अनुदानमा हेलीकप्टरबाट ढुवानि गरायकोमा त्यहा अहिले फेरी खाद्यान्नको कमी भयको छ त्यो कार्णले गर्दाखेरी म प्रदेश सरकारलाई अब निकट भविष्यमा चाहिने नुन चिनि लगायतका सामग्रिहरु यथाशिघ्र अनुदानमा ढुवानि गर्न हार्दिक अनुरोध गर्न चाहान्छु र सँगसँगै अस्ति मात्र यसै पहिरोको कारणले धेरै जिल्लाहरुमा विशेस किसिमका निर्णयहरु मन्त्रिपरीषदबट भयकोले त्यसपछिका मा पनि मन्त्रिपरीषदले यथाशिघ्र राहतको लागि पहल गर्ने निर्णय गरीयोस भन्ने माग राख्दै बिदा हुन्छु, धन्यबाद ।

**माननीय गोविन्द राज बोहरा**

माननीय सभामुख महोदय, हाम्रो सुदुरपश्चिम प्रदेशका माननीय सभासद अम्बी कुमारी थापा मोटरसाईकल एक्सिडेन्टमा शक्त घाईते भयकोले उहाको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहान्छु र साथसाथै उहालाई पर्न गयको अप्ठ्यारोमा सरकारले पुरा पुरा रुपले सहयोग गरोस भन्ने अपिल गर्न चाहान्छु । आज सुदुरपश्चिमपहाडमा पहिरो र तराईमा बाढीको कारणले आक्रान्त छ त्यो आक्रान्त परीस्थितिमा सरकारले चारैतिर हेर्नुपर्ने अवस्था आयको छ हिजो मात्रै मुख्य मन्त्रि ज्युले बोल्नुभो हामी सबै कुरामा तयार छु हुन सुकै अप्ट्यारो आयपनि हामी त्यसको समाधानका लागि अगाडि बढेकै छौ भनेर उहाले बोलेर जानु भयको छ उहाले बोल्दाबोल्दै यउटा घटना घटेको छ क्वारेन्टाइनमा रानादेविको कृष्णपुर नगरपालीका ६ मा उहाको करेन्ट लागेर मृत्यु भयको छ यकातिर पहिला ९० हजार क्वारेन्टाइनमा बसेका थिए ।

नेपाली दाजुभाइहरु त्यसबेला अप्ठरो थियो अहिले त त्यस्तो अवस्था पनि छैन क्वारेन्टाइनमा कहिले बलत्कार हुने कहिले करेन्ट लागेर मर्ने कहिले अन्य कारणले मर्ने कहिले सुसाइट गर्ने आत्मादाह गर्ने यस्तो परीस्थिति यो प्रदेश मा आयको छ र यो दुइ घण्टा हगाडि यदिउहाको करेन्ट लाग्ने बितिकै हस्पिटल पुर्याउन सक्या भय सम्भव त उहाको ज्यान बच्थ्यो होला त्यसको पनि व्यवस्था गर्न सकियन सरकारले त्यसतर्फ ध्यान दियन त्याहाको स्थानिय सरकारले पनि त्यो

ध्यान पुर्याउन सकेन उहाको मृत्यु भयो त्यसैले बोल्ने कुरा यउटा हुन्छ गर्ने कुरा अर्को हुन्छ हामीले जति कुरा हिजोका दिनमा सरकारसँग वार्ता गर्दाखेरी र सदनमा बोल्दाखेरी जति कुरा भनेका थियौ त्यो कुरा उहालेदोहोर्याउनु भो यकदम राम्रो कुरा हो हामीले यो आरडिटि परीक्षण काम लाग्दैन यलाई हटाउनुपर्छ भन्दा खेरी उहाले हिजो हटाय भनेर दिनु भो के नेपाली कांग्रेस बिपक्षि दलले यो सदनमा बोल्दाखेरी त्यो गल्ति गर्यो ९ वटै जिल्लाम पिसिआर मेसिन थप्नुपर्यो त्यहा राख्न पर्यो यत्रो पैसा खर्च भैराखेको छ ५-७ करोडमा पिसिआर मेसिन त्यहा ९ वटै जिल्लामा राख्न सकिन्छ भनेर प्रतिपक्षको तर्फबाट नेपाली कंग्रेसको तर्फबाट त्यो कुरा यो सदनमा राखियको थियो र बार्ता हुदाखेरी सरकारसँग त्यो कुरा राखियको थियो र उहाले हिजो भन्नु भो हामीले ३-४ वटा मेसिन थप गरीराखेका छौ त्यो हाम्रो पहिलेकै पलान हो के कंग्रेसले भन्दा खेरी प्रतिपक्षले त्यो कुरा सदनमा बोल्दाखेरी ति मेसिनहरु आउछन भने मेसिनहरु छिटो ल्याउन सक्यो भने त्यो त यहाको जनतालाई यउटा राहत हो नि त्यसकारणले सरकारलाई हामी धन्यवाद दिन्छौ तर सदनमा बोल्दाखेरी त्यालई विरोधको भाषामा सम्झेर यदि प्रतिपक्षतिर खनिन्छ भनेपछि त्यो प्रतिपक्षले स्विकार गर्न सक्दैन त्यसैले जति कुरा बोलीयका छन जनताका पक्षमा यो सरकारले काम गर्नुपर्छ भन्ने कुरा प्रतिपक्षको मान्यता हो सदनभित्र प्रतिपक्षले बोलेन भने कले बोल्ने त्यसैले ति कुराहरु गर्नका लागि सरकारले अगाडि बढ्नुपर्छ भन्ने हाम्रो कुरा हो र ति कुरा बारम्बार हामी राख्छौ जनताको पक्षमा उभियर कुरा जनताका समस्या जति आयका छन ति समस्यालाई सदनमा उजागर गर्ने हाम्रो कर्तब्य हो त्यसकासँगसँगै सरकारले अहिले जुन बाढीपिडितको बाढीपहिरोको जुन समस्या आयको च त्यसको सरकारले ध्यान पुर्यायोस सारा ठाउमा मान्छे अस्ति डोटिमा ४जना मान्छे घर बत्केर मृत्यु भयको छ अरु ठाउमा पहिरो आयको छ बाढीले तहसनहस भयको छ त्यतातिर सरकारको ध्यान गयर त्यसलाई जनता जो दुखमा परेका छन तिनिहरुलाई राहत दिने कुरामा अगाडि बढोस भन्दै म आग्रह गर्न चाहान्छु, धन्यबाद ।

**माननीय टेक बहादुर रैका**

माननीय सभामुख महोदय धनगढी उपमहानगरपालीकाका १९ वडाहरु डुबानमा परेका छन र यो प्रदेश सरकारबाट या संघिय सरकारका प्राविधिकहरु या स्थानिय सरकारका प्राविधिकहरुका कारणले पनि डुबान बढेको छ लाग्ला हेर्दाखेरी ३ न. को घरबस्ति भन्दा रोडमाथि रहेका छन र बस्ति डुबानामा परेको छ प्रदेश सरकारबाट बनेका रोडहरु प्राविधिकले बस्ति तल छ रोडको हाईट३ फिट ढाई फिट माथि उठाएको छ डुबान परेको छ नगरपालीकाबाट खटियका प्रविधिकले पनि त्यहि किसिमले बनायका हुनाले यि प्राविधिकलाई जनताले सिकाउने हो या माथिको पोलीसि त्यो हो अब के भन्छ भने रोड अल्को बनाईदिनु भो कहा जाने भन्दाखेरी घर अल्को ठाउमा बनाउनुस पछाडि बन्ने घर त माथि बन्ला त्यो अगाडिको घर छ त्यो त डुबानमा पर्यो यो डुबानले धेरै समस्या जनता मार्कामा परेका छन यसलाई मैले हिजो पनि कुरा राखेको छु माननीय सभामुख

मार्फत प्रदेश सरकारले स्थानिय सरकारसँग छलफल गरेर पानिको निकास कुन ठाउमा थियो कुन ब्यक्तिले त्यो मासेको छ र त्यहिलाई प्रदेशले यकिकर गर्न त्यो ढल निकासको व्यवस्था गर्यो भने पछि मात्र यो नहर सुन्दर र सफा हुन सक्छ होइन भने यो ग्रस्त महानगरपालीका भा छ माननीय सभामुख महोदय धेरै घटना हरु छन आज मात्र धनगढीबाट अछाम गयको बस दुर्गि चौकिको रोडमा दुर्घटना परेको छ त्यसमा ४ जना मान्छे मृत्यु भैसक्यो मृतकआत्मालाई चिरशान्तिको कामना गर्दै घाईतेहरुलाई स्वास्थ्य उपचारको कामना गर्न चाहान्छु हिजोमात्रै प्रदेश सरकारको तर्फबाट माननिय मुख्य मन्त्रि बोल्न भो बडा राम्रो कुरा भन्नु भो हामी पनि  खुसि छौ २/४ जना नेताका कारणले निति सरकारले यकातिर लीयको थियो बजेट यकातिर लीयको थियो त्यसमा छलफल गर्न हामी पनि चाहान्थ्यौ हाम्रा मनका भावनाहरु मनै भित्र कुठित भयका छन त्यो भावना हाम्रो पनि हो यहा क्वारेन्टाइनको कुराहरु गौरीफन्टामा खाना ख्वायका कुराहरु म भन्न चाहान्छु प्रदेश सरकारलाई दुतिहाई बहुमतको सरकार दुइतिहाइ जनताले मत दियको सरकारले मन्त्रि जि का पिय लाई खाना बनाउन राकेको त्यहा गौरीफन्टाको नाउमा सभामुक महोदय जि त्यो कुन मन्त्रिले राखेको हो त्यो कुन पिय हो त्यो सरकारले खोजि गरोस स्थानिय जनताहरुले दानकर्मि दाताहरुले ईन्डियाबाट आएका भोकानाङगा जनताहरुलाई पानिको सेवा गरेका छन खाना दियका छन क्वारेन्टाइनमा बसेका छन हिजोमात्र भारतको बेङ्गलोरबाट आयकि राधा वट बर्ष २३ कि क्वारेन्टाइनमा बस्दा कञ्चनपुरको कृष्णपुर नगरपालीकाको वडा न. ६ को कालीका मा बि बिद्यालयमा बस्दा बितिकै नाङ्गो तार लीयर बस्या छ भन्ने अहिले जुन आयको छ त्यो षडयन्त्र हो स्थानिय सरकारलाई गाडि लगाईदेउ भन्दा पनि २ घण्टासम्म गाडि नपायका कारणले सेति प्रादेशिक अस्पतालमा ल्याउदा ल्याउदै मृत्यु भयको छ मृतक आत्मालाई चिर शान्तिको कानमा पनि गर्न चाहान्छु र धेरै कुराहरु छन भन्न सजिलो छ गर्न धेरै अप्ठेरो छ यो हाम्रै प्रदेशको राजधानि गरीमामय सदनको अगाडि पट्टि पानिको डुबानमा आज नगरपालीकाको मेयरलाई यहाको स्थानिय जनताले वडा अध्यक्षलाई कहा छ यसको ढल निकास मैले देखेको छु सभामुख महोदय ७७४ बिघा प्वाइन्ट ८८ जब नगरबिकास समीति लागु भो त्यो बेला सदन बिभाजित भा समावेश हुन्थ्यो त्यहि बेला लालपुर्जा बितरण भयका हुन र त्यो लालपुर्जा बितरण गर्दाखेरी यहाका स्थानिय मान्छेले खोला  बग्ने खोला पनि आफ्नो नाममा दर्ता गरेको छ  जग्गा यहा बर्खा किन्न पर्ने ठाउमा हिउदमा किनिन्छ घर बनाउछन फेरी त्यो जग्गा बेच्छन अनि बेचे पछि त्यो बस्ति डुबानमा पर्ने समस्या बढ्दै गा छ यसैतिर प्रदेश सरकारलेर स्थानिय सरकारसँग वार्ता गरेर छिटो छिटो बाढी डुबानको समाधान गरोस भन्ने आफ्नो विचार राख्दछु, धन्यबाद ।।

**माननीय डिल्ली राज पन्त**

माननीय सभामुख महोदय, सबै भन्दा पहिला त आज बिहान डोटिमा बस दुर्घटना भइ मृत्यु हुने प्रति श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र मृतक परीवारको लाई राहतको माग गर्न चाहान्छु ।

घाइतेहरुको उपचारको लागि पनि प्रदेश सरकारले राहत पनि  देवस भन्ने चाहान्छु यस बाहेक कृष्णपुर नगरपालीकामा हिजो नै आयर रोकियकि सहरा वट जि करेन्ट लायर क्वारेन्टाइनमा उहाको मृत्यु भयको छ म उहाको मृत्यु प्रति श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र क्वारेन्टाइनलाई व्यवस्थित गर्न पर्छ भनेर हामीले त्यो पटक पटक माग हुदै आको तर यो घटनाले त्यो लाई सम्बोधन गरन नसकेको देख्दाखेरी आगामी दिनमा पनि प्रदेश सरकारले बिभिन्न ठाउमा बनाइने क्वारेन्टाइनलाई व्यवस्थित गर्न गरोस र राना देवि लाई पनि उचित राहतको व्यवस्था गरोस भन्ने म चाहान्छु त्सबाहेक सुदुरपश्चिमको बिभिन्न ठाउमा बाढी तथा पहिरोले मृतक हुने प्रत्येक परीवार प्रति समबेदना प्रकट गर्न चाहान्छु मृतक प्रति श्रदान्जली अपण गर्न चाहान्छु र यसको साथसाथै धनगढी उपमाहानगरपालीका भित्र जहा अहिले राजधानि छ यो राजधानि पनि पुरा डुवान क्षेत्र हो यो राजधानिमा आफ्नो प्रदेस सरकार चलायको प्रदेश चलायका छौ माननीयहरु बसेका छौ हामीले गोदावरीलाई पनि राजधानि बनायका छौ त अहिले यो राजधानि हामीले गोदावरी जानु भन्दा पहिला हामीले राजधानिलाई कसरी बनाउन सक्छौ कस्तो बनाउन सक्छौ भनेर यो राजधानिलाई जो अहिले हाल सञ्चालनमा आयको छ यसलाई पनि व्यवस्थित गर्नाको लागि सुदुरपश्चिम प्रदेश सरकारले उचित ब्यवस्था मीलाओस भन्ने म चाहान्छु । विशेष गरेर धनगढीको वडा न ३ श्रिवमता देखि लीयर मोहना सम्मको झण्डै ७-८ किलोमीटर क्षेत्र बर्खाको समयमा पुरा तलाउ भयर डुवान क्षेत्र हुन्छ त्यो जमीन लो ल्याण्ड भयर पनि होला तर पानिको निकास ठाउठाउमा घर बनायर रीकियर पनि होला तर यो बाहेक पनि त्यहा यउटा ठुलो ड्रिल नबनाउदासम्म त्यसको समस्या समाधान हुदैन त्यसका मैले बिगत बर्षमा मन्त्रलायबाट १ करोड रुपियाको माग गरेको थिय ड्रेन बनाउनको लागि तर त्यहा कुनै सुनुवाई भयन यहि नेर जहा अहिले प्रदेश हाम्रो सभा छ हिजो मात्रै यहा भित्र पस्न पनि धौधौ भयको थियो अस्ति पानि परेको टाइममा त झनै भयको थियो यो ठाउमा पनि यउटा निकास दिनको लागि मैले १ करोड रुपिया फेरी माग गरेको छु थिय कि यहा मान्छेहरु आउने जाने सजिलो होस पानिको निकास होस भन्नका लागि प्रदेश सरकारले ३० लाख रुपिया छुटयाको छ त्यो २० लाख रुपियाले यो पानि को समाधान कसरी हुन्छ मलाई थाहा छैन सभामुख महोदय यहाने र जो पानि जम्मा हुन्छ हसनपुरबाट पनि पुरै आउछ बजारको पनि पुरै आउछ त्यो कैलाली नालाबाट यो पुर्वतिरको सवै पानि यहि नेर आयर जम्मा हुन्छ निकास को यउटा सानि मात्र ठाउ छ जसले धान्न सक्दैन त्यो कारणले यह बाढी हुने गर्च म प्रदेश सरकारसँग पुनह माग गर्न चाहान्छु यो ठाउमा  र यस्तै ठाउमा यउटा निकासका लागि स्पेशल गरेर बिशेस गरेर बजेट छुटयायोस र यहाक जनतालाई हो यो राजधानि हो भन्ने खालको यउटा अनुभव दिनका लागि यो प्रदेश सरकारले काम गरोस भन्ने चाहान्छु, धन्यबाद ।

**माननीय दिव्यश्वरी शाह**

माननीय सभामुख महोदय सर्बप्रथम अस्ति भर्खर मोटरसाईकलमा एक्सिडेन्ट भयर काठमाडौं लगियकि माननीय अम्बी थापाज्यूको स्वास्थ्य लाभको कामना गर्छु र सरकारले व्यवस्था गरी पठायको धन्यबाद दिन चाहान्छु र आज बिहान डोटिमा भयको दुर्घटनामा परेर मृतक हुनेलाई हार्दिक श्रदान्जली दिन चाहान्छु घाईतेहरुलाई स्वास्थ्य लाभको कामना गर्दछु र क्षतिपुर्ति सरकारले दिनै पर्छ र महेन्द्रनगरकि बि.क लाई पनि श्रदान्जली दिन चाहान्छु सन्तप्त परीवारलाई धैर्य धारण गर्ने प्राथना गर्छु र उहाको पनि प्रदेश सरकारले क्षति पुर्ति उसको परीवारलाई राहत दिने छ भन्ने आशा गरेको छु ।

सभामुख महोदय, यहालाई अवगत नै छ हामी प्रदेशका जनप्रतिनिधि लगायत लगभग जिम्मेवार बिहिन समान छौ हाम्रो जिम्मेवारी प्रदेशमा स्थानिय तह भन्दा पनि तल छ भन्दा फरक नपर्ला हामी माननीय ज्युहरुलाई प्रदेश सरकारले गैरजिम्मेवार भुमीका बिहिन ओहोदामा राखेको छ । मुलुकमा हाम्रो सुदुरपश्चिम कोरोनालाई बाढी, पहिरो, भुउत्खनन जस्ता अत्यन्त बाट गुज्रिरहेको अवस्थामा पनि यउटा माननीय जस्तो अत्यन्त संबेदनशिल पदमा बसेर पनि जनताका पिर मर्कामा साथ सहयोग दिन नसक्ने आफैमा लज्जास्पद कुरा हो । माननीय मूख्यमन्त्रीज्यु सत्ता सरकारको हो सदन प्रतिपक्षको हो प्रतिपक्षले विरोध गर्यो भन्ने मात्रै देख्ने सत्ता पक्षले प्रतिपक्षलाई आफुसँग लीयर किन नहिड्ने त्यसकारणले म के भन्न चाहान्छु भने बोल्नु र गर्नुमा धेरै फरक हुन्छ जनताले हामी प्रति गरेको अपेक्षा यहि हो हामीलाई यतिबेला किन गैरजिम्मेवार जस्तै हुनुपर्यो तसर्थ यस सदन तथा माननीय मुख्यमन्त्रि ज्युलाई पुनह निवेदन गर्न चाहान्छु कि अधिकार दिने मुखले होईन हातले हो उहाले धेरै ठुलाठुला कुरा गरेर जानु भो प्रतिपक्षले दोस लगायो प्रतिपक्षले यो गर्यो प्रतिपक्षले यस्तो गर्यो हामीलाई मात्र दोष लगायो भनेर जानु भयो हिजो मुख्य मन्त्रिले कुन बेला के काम, कुन ठाउमा प्रतिपक्षलाई बोलायर बैठक गरेर वार्ता गरेर त्यो कुन बेला कार्यान्वयन गर्नु भया छ दुपटक त म पनि त्यहि ठाउमा पुग्या छु उहाले गर्या वार्ता सफल भया मैले पनि देख्या छैन भने उहाले त्यो भन्ने अधिकार छैन प्रतिपक्षले मात्रै दोष लगाउने होईन आफ्नो जिउमा पनि हेर्ने होईन के गर्या छौ कस्तो गर्या छौ भन्ने अलीकता सोचका साथ भन्नुपर्छ । महोदय आज हाम्रो प्रदेशमा कोरोना प्रकोप प्रबाद भयको भयाभह भयको अवस्था छ यो प्रकोपलाई रोक्न काम गर्ने क्षमता छैन काम गर्ने क्षमता चैन त्यसैले व्यापक प्रचारप्रसार जनचेतना जगाउने कार्य गर्नुपर्छ होला होईन भने अब यो सुदुरपश्चिमको घरघरमा कोरोना पुग्ने छ त्यसबेला अमेरीका जस्तो नहोला भन्न सकिन्न सभामुख महोदय यसको लागि केहि न केहि सरकारले पहल हर्नै पर्छ सभामुख मार्फत म सरकारसँउ निवेदन गर्न चाहान्छु र अहिले यहा सरकारले हतारमा निर्णय गरेर फुरसदमा पछुताउने काम गरेको छ र अहिले खान नपायर बालबालीकाहरु घरघरमा घुम्न लागेका छन र

हिजोका दिनमा लकडाउनमा आज गर्नुपर्नेमा हिजो गरेर हामी पछुताईराखेका छौ त्यसकारणले यसको केहि न केहि सरकारले व्यवस्था गर्ने होईन भने हामी भयाभह स्थितिमा पुग्ने छौ हाम्रो पनि के कस्तो के गर्ने कसरी बाच्ने भन्ने कुरा भइसक्या छ, धन्यबाद।

**माननीय दुर्गा कुमारी कामी**

माननीय सभामुख महोदय, हिजो मात्रै अछामको लागि धनगढीबाट छुटेको बस डोटिमा दुर्घटना भयको छ दुर्घटना बाट २९ जना घाईते भयका छन ३ जनाको ज्यान गयको छ घाईते मध्ये २ जना अली गम्भिर अवस्थामा छन उहाको थप उपचारको लागि षोटि अस्पतालले रीफर पनि गरीराखेको समाचार पनि आको छ म मृतक प्रति भावपुर्ण श्रदान्जली अर्पण गर्न चाहान्छु घाईतेको शिघ्रस्वास्थ्य लाभको कामना गर्न चाहान्छु मृतकका परीवारजन प्रति गहिरो समवेदना अर्पण गर्न चाहान्छु माननीय सभामुख महोदय, श्रावण प्रदेश सभा सदस्य माननीय अम्वी कुमारी थापा मोटरसाईकल दुर्घटना मा परी घाईते हुनुभाको छ उहाको उपचारको लागि प्रदेश सरकारले गरेको पहल कदमीको म धन्यबाद दिन चाहान्छु र माननीयको स्वास्थ्य लाभको कामना गर्न चाहान्छु ।

माननीय सभामुख महोदय, यो वर्षातको समय असार देखि साउन सम्मको मात्रै घटना हरु हेर्ने हो भने अविरल बर्षाको कारणले गर्दा पहाडमा बाढी पहिरोले गर्दा खेरी कतिपय घरबार बिहिन हुन परेको छ रकतिपयले आफ्नो जग्गा जमीन गुमाउन परेको छ र तराईमा डुबान को अवस्था छ पटक पटक हामीले भन्ने गरीराखेका छौ यो पटक को मात्रै कुरा होईन माननीय सभामुख महोदय पहाडि जिल्लाको बिशेस गरेर अछामको सन्दर्भमा कुरा गर्ने हो भने हिउद बर्खामा बाढी पहिरोले सताउने र दिउदमा असिना पानि र बादरले बालीहरु नष्ट गर्ने यो पिडाबाट पहाडका जनताहरु यसबाट लाभ पाउन सकेका छैनन हामीले प्रत्येक पटक भन्ने गरेका छौ क्षतिपुर्ति राहतको कुराहरु प्रदेश सरकारले तत्काल उपलब्ध गराओस भनेर अहिले सम्म त्यो सुनुचाई पनि हुन सकिराखेको अवस्था छैन हुन त पटक पटक सरकारले परीष्कृत गरीराखेको छ बिपत व्यवस्थापनकोष स्थापना गरेको च यो कोषले तत्काल समस्यामा परेका जनताहरुको हामी उहाहरुलाई तत्काल रेष्क्यु गर्छु भन्ने कुराहरु गर्नुभाको छ तर अहिले सम्म कतिपय बिद्यालयका छानाहरु उडायका छन बिद्यालय बनेका छैनन् सडकले बाटो पुरै भत्कायको छ त्यहा आवत जावत बन्द भयको छ त्यहा अहिलेसम्म कुनै राहतको व्यव्था भयको छैन घरहरु भत्कियका छन बालीनालीहरु नष्ट भयका छन त्यो राहतको व्यवस्था हुन सक्दैन भने पछि गरीबले गरी खाने जोति खाने जग्गा छैन बस्ने छानो छैन तर पनि श्रम गरेर खाने श्रमजिवि बर्गले काम गरेर श्रम गरेर आयको जुन रकम छ तिरेको कर छ त्यले ति कर बाट हामी अहिले यो व्यवस्थामा छौ त्यहि करले गर्दाखेरी हाम्रो सरकारको कोष स्थापना हुन्छ त्यो कोष भनेको गरीबकहा जादैन जो ठुलाबडा पहुँचवाला छन उनिहरुले नै उपलब्ध गरेको हि कि के हो यसको जवाफ तुरुन्तै चाहिन्छ ।

यस्तै गरेर अहिले यो कोरोनाको कहरले गर्दाखेरी जुन राहत प्याकेज सरकारले ल्याको छ सरकारले गरेको होईन भन्ने कुराछैन धेरै पैसा खर्च गरीराखेको छ तर गरीखाने बर्गको जो काम गरेर खाने बर्ग छ जो गिट्टि कुटेर खाने बर्ग छ उनिहरुको श्रम गरेर खआने बर्गको अहिले रोजगारी खोसियको छ उनिहरुका घरमा आगो बलेको छ न तर पहुँचका आधारतमा र आफ्नो पार्टिगत हिसाबले राजनैतिक पुर्वाहारको आधारले राहत बितरण गरीराखेको छ जो बर्ग काम गरेर खाने बर्ग छ त्यो बर्गले अहिले राहत पाको छैन उनिहरुको घरमा आगो बल्न सकेको अवस्था छैन त्यो भको कारणले गर्दा यसको छानविन गरेर गलत गर्नेहरुले मापदण्ड बिपरीत राहत बितरण गर्नेले तत्काल मानुनि कारबाहिको रुपमा सरकारले ल्याउस  र त्यो गरीबको घरमा आगो बाल्न पुग्ने गरेर राहत प्याकेजको सरकारले ल्यायोस भन्ने कुरा राख्न चाहान्छु, धन्यवाद ।

**माननीय पूर्णा जोशी**

माननीय सभामुख महोदय, गत श्रावण २६ गते राति डोटिको आदर्श गाउपालीका वडा न. १ बाजखकानिमा पहिरोले घर पुरीदा यकै परीवारका ४ जना मान्छेको मृत्यु भयको छ । ५ जना घाईते हुनुभयको छ त्यसतै गरी कन धनगढीबाट अछाम जाने बष आज बिहान मात्रै डोटिको पुर्बिचौकि गाउपालीका वडा न. १ तल्लोफलोटमा दुर्घटना भयर ३ जना मान्छेको घटना स्थलमै मृत्यु भयकोछ भने २९ जना मान्छेहरु घाईते हुनुहुन्छ घाईतेहरुको डोटि जिल्ला अस्पतालमा उपचार भैराखेको छ ति मध्ये ११ जना मान्छेहरु बढी सिरीयस हुनुहुन्छ भन्ने कुराहरु आयको छ र घटनाको तत्काल उदार कार्यमा खटिनि हुने नेपाली सेना सहष्त्र प्रहरी नेपाल प्रहरी स्थानीय जनप्रतिनिधि हरु स्थानिय समुदाय लगायत सवैलाई म धन्यबाद दिन चाहान्छु मृत्यु हुनेहरु प्रति भावपुर्ण श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु र घाईतेहरुको शिघ्र स्वास्थ्यको कामना गर्दछु त्यसतै गरीकन यो ९ वटै जिल्लामा विशेस गरीकन असारको  अन्तिम देखि श्रावण को निरन्तरको अतिवृष्टिको कारणले गर्दाखेरी धेरै ठाउहरुमा भौतिक पुर्वाधारहरु नष्ट भयका छन खाद्यान्न बाली लगायतको क्षति भयको छ र भने मानव क्षति पनि थुप्रै भयको छ त्यसकारणले पनि यो बिकासका बृष्टिकोणहरु पनि बिकासका तरीकाहरु पनि अब प्रदेश सरकारले समयमै फेर्नु पर्ने जस्तो देखिन्छ किनबने पहाडमा बनाइयका अन्धाधुन्द सडकले गर्दाखेरी पहिरो जाने तराईमा डुबान हुने खोला लगायतका बिभिन्न ठाउहरुलाई रोकछेक गरेर अतिक्रमण गरेर बनाइने भौतिक पुर्वाधारले गर्दा खेरी अहिले तराईको डिबान विशेस गरीकन कैलालीको भजनि जोशिपुर टिकापुर लगायत यो धनगढीको डुबान भनेको त्यसको यउटा कारण हो भन्ने मलाई लाग्दछ त्यसकारणले यो बिकासका दृष्टिकोणहरु मीचियका अतिक्रमीत गरीयका जग्गा जमीन र भवन संरचना हरुलाई पनि अब सरकारले निगरनि गर्नुपर्छ भन्ने मलाई लाग्दछ र मैले छुटायको छु गत साउन १७ गते मोटरसाईकल दुर्घटना पर्नुभई शक्त घाईते हुनु भएकी प्रदेश सभाका सदस्य माननीय अम्बी कुमारी थापा जसको उद्धारको निमीत्त तत्काल प्रदेश सरकार माननीय सभामुख ज्यु स्वंमले तत्काल एउटा

यसको उद्धार गरीकन उहालाई उपचारका निम्ति नेपाली सेनाको चार्टर बिमानबाट नाईट भिजनबाट काठमाडौं पठाउनु भएको छ । यसको लागि प्रदेश सरकारलाई म धेरै धन्यबाद दिन चाहान्छु र उहाको स्वास्थ्यलाभको कामना गर्दछु र थप उपचारको निम्ति पनि प्रदेश सरकारको ध्यान जाओस भन्ने राख्न चाहान्छु र अन्तिममा यो भर्खरै यो कञ्चनपुरको क्वारेन्टाइनमा भारतबाट आयको महिला करेन्ट लागेर मृत्यु भयको छ मैले निविदेन गर्न च चाहान्छु प्रदेश सभा मार्फत प्रदेश सरकारलाई हाम्रा क्वारेन्टाइनहरु अझै पनि व्यवस्थित हुन सकेका छैनन् अहिले त मान्छेको चाप कम छ तथापि यि व्यवस्थित हुन सकेका छैनन् र बिगतमा बनाईयका क्वारेन्टाइनहरु पनि कतिपय करेन्ट लागेर नष्ट भयका छ न कतिपु आगो लागेर नषट भयका छन भौतिक पुर्वाधारहरु क्वारेन्टाइनमा बस्नु अघि पनि क्षति गरेका छन यि सबै कुराहरुको क्षतिको मुल्याङखन गरेर यतातर्फ प्रदेश सरकार लाग्नुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु र म अन्त्यमा म यो आज भयको बस दुर्घटना भनेको भारतवाट आयका अछामका नागरीकहरु त्यसमा हुनुहुन्थ्यो उहाले रीजर्व गरेर लैजानु भयको थियो उहाहरुको पिसिआर टेष्ट भयको अवस्था थियन सयौ मान्छेहरु उहाको उदारमा लाग्नु भाछ घाइतेहरुलाई अस्पताल पुर्याउनु भाछ उपचारमा डक्टेहरु संलग्न हुनुहुन्छ स्थानिय पत्रकार देखि स्थानिय जनताहरु हुनुहुन्च उहाहरुको तत्काल उहाहरुलाई ट्रेसिङ गरेर को को मान्छेहरु उहाहरुलाई उदारमा लाग्नु भयको थियो उहाहरु सवैको स्वाब परीक्षण गर्नु पर्छ भन्ने कुराहरु म राख्न चाहान्छु धन्यबाद

**माननीय हर्क बहादुर कुँवर**

माननीय सभामुख महोदय, २०७७/४/२७ गते राति ७ बजे धनगढी बाट अछाम जिल्लाको मंगलसेनको लागि छुटेको बस डोटि जिल्लाको फुलोट भन्ने ठाउमा दुर्घटना हुदा टिकाराम बि क लगायत ३ जनाको मृत्यु भयको छ र २९ जना घाईते हुनु भाको छ म मृतक ३ जनालाई श्रदान्जली अर्पण गर्दै २९ जना घाईते जो हुनुहुन्छ उहाको सुस्वास्थको कामना गर्दै म सभामुख मार्फत ति भाईतेहरुलाई सरकारले उचित स्वास्थ्यकालागि व्यवस्था मील्वस भनि सभामुख मार्फत म अनुरोध गर्न चाहान्छु सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहान्छु ।

साथै हाम्रो माननीय अम्बी कुमारी थापा जो माननीय काठमाडौंमा अहिले उपचाररत हुनुहुन्छ उहाको स्वास्थ्यको पनि कामना गर्न चाहान्छु । क्वारेन्टाइनमा बसेर करेन्ट लागेर मृत्यु हुनु भएको राधा वड कृष्णपुर ६ मा जो मृत्यु हुनु भएको छ । उहाहरु प्रति पनि श्रद्धाञ्जली गर्दै उहाको परीवारलाई धैर्यधारणको कामना गर्न चाहान्छु । साथै उक्त वड परिवारलाई सरकारले राहतको व्यवस्था गरोस भनि सभामुक मार्फत म अनुरोध गर्न चाहान्छु ।

सभामुख महोदय यो बाढी पिडित जो बाजुरा जिल्लाको द्वारी भन्ने ठाउ कुहिमा भन्ने ठाउमा अहिले बाजुरा जिल्लामा जान सकिने कुनै पनि यातायात सम्बन्ध बिच्छेद भएको छ । यातायात

मात्र होईन सभामुक महोदय पैदल यात्रि पनि जान सकेको अवस्था छैन त्यहा यकदम भोकमरीले मान्छेहरु जो पिडित मान्छेहरु छन त्यहा महामरी मच्चिरहेको अवस्था छ त्यो बाढीको कारणले अछाम जिल्लाको साफेबगरको ऐयरपोर्ट र क्षेत्रलाई कटानगरीराखेको अवस्था छ त्यलाई तत्कालकालागि प्रदेश सरकारले सभामुख मार्फत केहि त्यहा तटबन्धनको व्यवस्था गरोस रोकथामको व्यवस्था गरोस भन्ने म माग राख्न चाहान्छु साथै यहि प्रदेश भित्रका ९ वटै जिल्लामा ४३ जना जो बाढी पिडितबाट ज्यान गुमाउनु भयको छ उहाहरु प्रति पनि श्रदान्जली अर्पण गर्न चाहान्छु ।

सभामुख महोदय सर्बप्रथम हाम्रो अर्थ समीतिले कैलाली जिल्लाको भजनी नगरपालीका वडा ३, ५ र ६ जोशिपुर नगरपालीका वडा ६ र टिकापुर नगरपालीका ३, ५ र ७ मा यो १३ गते देखि १८ गते सम्म भिषण बाढी भयको कारणले त्यहाको भजननिमा ४ बिघा जग्गा र १६७१ घर परीवारलाई अहिले पनि त्यो बाढीबाट क्षति भयको अवस्था देखिन्छ हाम्रो अनुगमन समीतिले त्यो समीतिबाट हामीले प्रतिवेदन बनायर सम्बन्धित निकायलाई हामी त्यो राहतको व्यवस्था गरीयोस भनि सभामुख मार्फत म अनुरोध गर्न चाहान्छु साथै समीतिमा यो जिल्लामा रहेका माननीय ज्युहरु प्रतिपक्ष दलका नेताहरुलाई पनि अनुमन टोलीमा समावेश गरेर बिभिन्न डिभिजनका प्रमुखहरुलाई तत्कालीन रुपमा के क्षति गरेर त्यहा त्यलाई नियन्त्रण गर्न सकिन्छ र दिर्घकालीन रुपमा के गर्न सकिन्छ त्यलाई बिज्ञहरु र मार्फत त्यहा लगेर त्यलाई प्रदेश सरकारले छिटो भन्दा छिटो आज २८ गते खेरी पनि बाढी जान सक्छ यो प्रदेशका बिभिन् ठाउमा क्षति भैरहेको छ हामी टुलटुल हेरीरहेका छौ प्रदेश सरकार त्यसैले म सभामुख मार्फत म ध्यानाकर्षण गराउन चाहान्छु । सम्बन्धित निकायको त्यसकारणले आज बिभिन्न देश प्रदेशका आदरणीय दाजुभाइ, दिदिबहिनिहरु पहिरोबाट, बर्षाबाट पिडित भयका छन हमीले देख्यौ त्यो भजनि नगरपालीकामा त्यहा अहिले पनि रोगको त्यहा गन्ध आउने जुन स्थिति छ स्वास्थ्यलाई ध्यान दियर त्यहा पनि स्वास्थ्य मन्त्रालय मार्फत त्यहाका आदरणिय दाजुभाइ, दिदिबहिनीलाई रोग नफैलीन दिनका लागि पनि त्यहा व्यवस्था गरीयोस भन्ने पनि म माग राख्न चाहान्छु त्यसैले अनुगमनको क्रममा हामी यसरी गैरहदा प्रदेश समीतिको तर्फबाट गर्नु पर्ने पहलहरु तुरुन्त प्रदेश सरकारले यलाई राहत यवम उनिहरुको बसोबासको व्यवस्था अथवा उनिहरुको स्वास्थको ख्याल गर्नुपर्छ बर्षपिच्छे हुने यस समस्याको लागि दिर्घकालीन योजना बनाउन पनि आवश्यकता छ । सभामुख महोदय प्रभावित समुदाय स्थानमा अस्थायी प्रवासि हरेक मुदुमा कम्तिमा यउटा उच्च घर उच्च सौ चालय बनाउने रे समुदाकायुवाहरुलाई सिप क्षमता र बिकास गरी बिपतका समयमा उदार गर्नका लागि स्वयमसेवकको रुपमा पनि तयार गर्नुपर्छ भन्ने हाम्रो समितिको ठहर छ

सभामुख महोदय मार्फत म सम्बन्धित सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । बिकासका निर्माणका कार्यले पनि बिगत बिकरल समस्या निम्ताउने खोला देखि बिभिन्न समस्यालाई तत्काल

तटबन्धनको व्यवस्था गरी जनतालाई राहतको व्यवस्था गरीयोस भनि म सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउचु ह्वस्त धन्यबाद

**माननीय रण बहादुर रावल**

माननीय सभामुख महोदय, बिशेस गरी हिजो भर्खर कैलाली बाट अछामको लागि गएको बसमा ३ जना यात्रुहरु बितु भएको छ र २९ जना घाइते भएका छन त्यसप्रति मेरो बहुतै दुख: प्रकट गर्न चाहान्छु र ३ जना परीवार जो मृत्यु भएको छ । उहाको परीवारमा म हार्दिक श्रद्धाञ्जली र उहाहरुको सरकारले सकभर क्षतिपुर्ति प्रदान गरोस भन्ने म कामना पनि गर्न चाहान्छु साथै २९ जना जो घाइते छन तिनिहरुलाई उपाचारको व्यवस्था गरोस सरकारले अर्को सन्दर्भमा कृष्णपुरको सन्दर्भ पनि आईसकेको छ राधा देवि वडज्युको चाहि जो मृत्यु भएको छ । त्यसमा सरकारको र स्थानीय सरकारको र प्रदेश सरकारको बारेमा पनि तुरुन्त जाँच र गरेर सम्बन्धितलाई कारबाहिको दायरा ल्याउने र राधा देवि ज्युको परीवारलाई क्षतिपुर्ति को माग पनि राख्न चाहान्छु

साथै यसै सन्दर्भमा जो वाढी पहिरोको कारणले झन्डैझन्डै ४३ देखि बढी जनाहरुको मृत्यु भैसकेको छ पहाड देखि तराईसम्मको सम्पुर्ण यि मृतक हरु प्रति म  हार्दिक श्रदान्जली दिन चाहान्छु त्यसमध्यको ३ वटा स्केल चौधरी ज्यु र बिक र साहि जि हाम्रै मेरै क्षत्र क्षेत्र न. १ र ३ मा पर्ने हुनाले उहा प्रति पनि उहाहरुको परीवारप्रति पनि म सहाहरुलाई समवेदना दिन चाहान्छु र साथै सरकारले ४३४ जनालाई नै के कस्तो व्यवस्था गर्न सकिन्छउनको परीवारलाई राहत दिने व्यवस्था गरोस भन्ने म जोडदार माग राख्न चाहान्छु यहि सन्दर्भमा हाम्रो श्रावण १७ गते माननीय अम्बिका थापा ज्युको मोटरशईकलका कारण दुर्घटना भयो त्यससन्दर्भमा म माननीय मुख्यमन्त्रि माननीय सभामुख ज्यु र माननीय सामाजिक बिकास मन्त्रि जि लगायत केहि मन्त्रि जि हरु र सम्पुर्ण अरु साथिहरु लागेर उहालाई उदार गरीयो यसका लागि म धन्यबाद दिन चाहान्छु सरकारलाई लगायत उहाहरुलाई ब्यक्तिहरुलाई साथै उहाको स्वास्थ्य लाभको पनि कामना गर्न चाहान्छु

यथाशिघ्र उहाको स्वास्थ कामना गर्ने क्रममा स्वास्थलाई चाहिने खर्चको बारेमा प्रदेश सरकारले शिघ्र गरोस भन्ने पनि माग राख्न चाहान्छु यहि सन्दर्भमा म यहाहरु समक्ष भन्न चाहान्छु कमसेकम प्राकृतिक स्रोतको सभापति जि ले पनि भनिसक्नु भाछ माननीय सभापति गोबिन्द जिले भनिसक्नुभाछ त्यसमा म थप केहि कुरा गर्न चाहान्छु टिकापुर नगरपालीका बाढी पिडितहरुको कारणले विशेस गरेर १४५९ वटा आंशिक रुपमा घरहरु ध्वस्त भयका छन भने पुर्ण रुपले ३५१ वटा घर हरु ध्यवस्त भयका छन पुर्ण क्षति भयको छ त्यसपछि प्रभावित झन्डै ४१० वटा घरहरु रहेका छन यस सन्दर्भमा साथै जोशिपुर लगायत भजनिमा झण्डैझण्डै २४०० घर परीवार हरु प्रभावित भयका छन त्यसमध्ये १६७१ पुर्ण रुपले क्षति भयका छन साथै जोशिपुर भजनिमा झण्डैझण्डै साढे ५ हजारको हाराहारीमा पुर्णतया क्षति भयको छ यस सन्दर्भमा सरकारले

तदारुपताका साथ यकातिर कसरी हुन्छ त्यो राहत गर्ने त्यो राहत व्यवस्थआपन गर्ने र त्यहा वाढी प्रभावित जति पनि छ जनसङ्ख्याहरु छ त्यलाई उचित ठाउमा ल्यायर कमसेकम त्सको पुनरस्थापना गर्नुपर्ने अति आवश्यकता देखिन्छ त्यसको पनि माग राख्न चाहान्छु साथै कमसेकम जो हजारौ बिघा जमीन च यसमा म माननीय सभामुख मार्फत कृसि मन्त्रि जि यहा हुनुहुन्छ उहाले क्षति पुर्तिको व्यवस्था गर्न अहिले नै कदम चालुन भन्ने म अनुरोध पनि गर्न चाहान्छु यसै सन्दर्भमा यउटा कुरा के जोड्न चाहान्छु भन्दाखेरी यो भयाभह स्थिति बाढी पहिरो र यसको स्थिति आउनमा बिशेस गरी हाम्रो पनि बहुतै महत्वपुर्ण रोल छ बिशेस गरी बिकसप्रेमी पहाडमा डोजर प्रवृति तराईमा चुरेमा जुन हिसाबले उत्खनन् गरीयको छ बन बिनाश गरीयको छ त्यसकारणले आज यो अवस्था आको छ त्यसकारणले यो चुरेको जतिपनि दमन कार्य छ बन सम्बन्धिको किन नहोस त्यहाका बिकासका शंरचना बनाउने कार्यमा विशेस ध्यान दिनुपर्छ त्यसको लागि सरकार बहुत गम्भिर भयर अगाडि बढोस त्यो अनुसराको पालीकाहरुलाई पनि निर्देशन देवस भन्ने म आज यसै सन्दर्भमा निर्देशन देओस भन्ने म चाहान्छु माग राख्दछु साथै पहाडमा यो डोजर संस्कृतिलाई निरन्तर रुपमा जो बढीराखेको छ जसको कारणले आज सिङ्गो डाँडाको डाँडा पहिरोको प्रकोपमा बढाईरहेको हुनाले यसमा वचाउनको लागि सरकार गम्भिर बयर लागोस यहि मेरो जोडदार माग राख्दै बिदा हुन्छु धन्यवाद

३. माननीय सदस्यहरु,

आजको शून्य समय यहीँ समाप्त हुन्छ ।

४. माननीय सदस्यहरु,

अब, **"रेडियो, एफर टे .एम.लीभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथिकोकारबाहीप्रारम्भहुन्छ **।**

५. माननीय सदस्यहरू,

**"रेडियो, एफ र .एम.टेलीभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथिविधायन तथा प्रदेश समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरीयोस् भनीसुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता आन्तरीक मामीला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, रेडियो एफ एम र टेलीभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सुदुरपश्चिम प्रदेश को प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २

को देहाय खण्ड क बमोजिम प्रतिवेदन सहितको विधेयकमाथि छलफल गरीयस भनि यो प्रस्ताव पेश गर्दछु धन्यवाद

६. माननीय सदस्यहरू,

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

("हुन्छ"भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

("हुन्न"भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "रेडियो, एफर टे .एम.लीभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विधायन तथा प्रदेश मामीलासमीतिमादफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरीयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

७. माननीय सदस्यहरू,

अब, **"रेडियो, एफर टे .एम.लीबनेको विधेयक भिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न"** माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामीलासमीतिबाट पेश हुन आएकोप्र तिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली,२०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ। छलफलमा विधायन तथा प्रदेश मामीला समीतिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरीनेछ । छलफलमा भाग लीन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मीनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय हर्क बहादुर कुँवरलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, रेडियो, एफ.एम तथा टेलीभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक त्यो विधेयक सदनमा छलफलको क्रममा छ यो विधेयक समीतिमा धेरै महत्वपुर्ण छलफल भयर सर्बप्रथम म यो विधेयक प्रस्तुत गर्ने सरकार र सम्बन्धित समीतिका सभापति लगायत बिभिन्न् निकायलाई धन्यबाद दिन चाहान्छु । यो विधेयक अति महत्वपुर्ण विधेयक हो यसले जनताको शिर ठाडो गर्ने जनतालाई सुसुचित गराउने र जनताले यसमा प्रदेशमा भएका वा अधिराज्य भरी भएका कुरालाई यसले ध्यानाकर्षण गराउछ र जनतालाई यले स्वाभिमानि बनाउछ

यो राज्यको चौथो अंग भयकोले पनि यो महत्वपुर्ण विधेयक हो यसमा यो समीतिमा गम्भिर छलफल भयर यो अगाडि बढीरहेको अवस्थामा र आज यो छलफलको क्रममा अगाडि बढीरहेको छ हुन त यो विधेयकमा धेरै मिहेनत गरेर साथिहरुले ल्याउनु भाछ । म यो केहि जोड्नुपर्ने कुरालाई मात्र म अगाडि राख्न चाहान्छु यो कार्यक्रम सदस्य भन्ने छ यलाई संरक्षक अध्यक्ष यो बुदा हटाइयको छ यसमा १००० |भनियको छ १५ सय सम्म भनेर यो वाटलाई राख्दा राम्रो हन्थ्यो भन्ने मैले ठानेको छु यसमा समावेश होस भन्ने म यो सदनाई ध्यानाकर्र्षण गर्न चाहान्छु यकल तथा साझेदारीको मेहिनत प्रतिलीपि यो ६ कोमा होस भन्ने मैले राखेको छु नागरीकता प्रतिलीपि को सँगै खुल्ने पहिचान र पहिचान भयर मात्रै होस भन्ने यो च छ मा थपियोस भन्ने मैले यो सदनमा मैले यो बिधेयकमा राखियोस भन्ने अनुरोध गर्न चाहान्छु र कुन यरीया मा यो यरीया तोकियको छैन यसको रेन्ज यरीया कति टाढा र कसरी दुरी कायमा रेडियो एफम टेलीभिजन अथवा विद्यालय यसको रेन्ज यसरी तोकियके भय राम्रो हुन्थ्यो भन्ने कुरा म सुझाव राख्न चाहान्छु साथै ६ दफा यो योग्याता तोकियको छैन यसमा योग्यता अथवा यसको मापदण्ड योग्यता र दक्ष त्यसको अनुभव को आधारमा भनेको भय अली राम्रो हुन्थ्यो भन्ने मैले सोचेको छु राखियो भन्ने म चाहान्छु तोकियको |ढाचा भन्दा यो दस्तुर लीइ रेडियो २५ दिनभित्र यलाई अली टाईम बढायको भय अली राम्रो हुन्थ्यो भन्ने मेरो सुझाव छ ईजाजत लीनका लागि भनियको कारण खुलाउने के कारणले ईजाजत लीने के का लागि भनेर यो शब्दमा अली मीलाको भय यले धेरै महत्व राख्यो भन्ने मलाई लागेको छ र साथै नविकरण सम्बन्धमा जुन यो ३ महिना थप गरीयको छ नविकरण सम्बन्धि पनि यलाई अली ब्याख्या गरीयको भय राम्रो हुन्थ्यो भन्ने मलाई लागि रहेको छ यसकारण यो प्रदेश भित्र बुदा न. ३ शाखा अब शाखा कस्तो ठाउमा रहने भनेर पनि यकिन गरेको भय यले झन यलाई सुनमा सुगुन्ध थपिन्थ्यो जस्तो मलाई लाग्छ अनि तसमा क मा प्रदेश क्षेत्रका कृषि क्षेत्र उद्योग वाणिज्य बिज्ञान र प्राविधिक स्वास्थ्य पर्यटन बन बातावारण खाद्य स्वस्च्छ तथा गुणस्तर लगायतका महत्वपुर्ण कार्यक्रम भनेको ठाउमा सरसफाई कुरुति कार्यक्रमलाई छुवाछुतको अन्त भनेर भने पनि त्यसमसा थपेको भय झन राम्रो गर्थ्यो भन्ने मैले महशुस गरेको छु यसमा राख्नको लागि पनि म अनुरोध गर्न चाहान्छु साथै यो विधेयकले अति धेरै राम्रो मीहेनत गरेर ल्याको छ अन्तमा म यो यो विधेयक प्रस्तुता सरकार र समीतिलाई धन्यबाद दिदै बिदा हुन्छु ह्स्त धन्यबाद नमस्ते

**माननीय गोविन्द राज वोहरा**

माननीय सभामुख महोदय, रेडियो, एफ.एम. र टेलीभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को छलफलको क्रममा हामी उभियका छौ र वास्तवमै यो उत्कृछित पत्रकारीता जगतको महत्वपुर्ण विधेयक हो महत्वुपुर्ण तरीकाले यो आयको छ र यसमा समीतिले अली व्यापक छलफल गरेको पनि महसुस भएको छ र साच्चिकै भन्ने हो भने यदि यो विधेयक यो कानुन यो

ऐन बनेन भने हाम्रो पत्रकारीता जगत पनि चल्न सक्दैन पत्रकारीता जगत रेडियो एफम जति पनि छ । अहिलेको दुनियामा हामीले २४ घण्टा आफ्नो वरीपरी बाट टाढा राख्यो भने हामी आफैलाई अन्धकार जस्तो महुसुस भैसकेको हुन्छ घटना क्रम प्रतिसेकेण्डमा आईराखेका हुन्छन र यदि त्यो चिज हामीले ग्रहण गर्न सकेनौ भने अन्धकारमा बसेको जस्तो हुन्छ र यो विधेयकले कमसेकम हाम्रो आँखा कान मस्तिषकलाई चनाखो बनायर अगाडि बढाउने छ र पत्रकारीता जगत भनेको पनि त्यहि नै हो र यसमा जति यो जुन समिति बनाउने कुरा छ यो हटायको छ यो राम्रो कुरा हो किनभने यो पत्रकारीता मीडिया सेक्टरलाई हात बाधेर राख्न सकिदैन जति खुला राख्न सक्यो त्यति ज्यादा यथ्लेटिक कुरा आउन सक्छ समाजमा भयका घटना क्रम कुरीति र सव कुरालाई उजागर गरेर जब सम्म त्यो मीडियामा आउदैन तब सम्म सारा समाजले सारा टोलले सारा देशले र जनताले थाहा पाउन सक्दैन त्यसैले यसलाई हामीले जति सक्यो बताउने हो यसको मतलव अर्को यो होईन कि पत्रकारीता जगत पोर्टस्टेट हो भनेर जथाभावि गर्न पनि पाईदैन त्सका आफ्ना यउटा लीमीटेशन हरु हुन्छन राष्ट्रिय समाचार अन्तराष्ट्रिय समाचार हेर्दा खेरी राष्ट्रिय हितमा गर्ने कुरा जो यहा लेखियको छ असाध्यै राम्रो छ राष्ट्रिय हितका कुरामा समाचारहरु सम्प्रेषण हुनै पर्छ अन्तराष्ट्रिय सम्प्रेषण गर्दा पनि त्याहको नियम कानुनलाई हरेर पनि धेरै कुराहरु हेरीन्छ तर हामीले बिगतमा यउटा घटना देखेका छौ त्यस्तो नेपालमा अहिले भयको छैन जस्तो नेपालको प्रधान्मन्त्रिका सम्बन्धमा नेपालको सरकारका सम्बन्धमा भारतका मीडियाहरुले धेरै कुरा लेखे अत्तन्त आपत्तिजनक कुराहरु टिभि च्यानलमा आय आज टिभि च्यानल नेपालले बन्द गर्नु परेको छ त्यो स्तर हिन पत्रकारीता हो स्तर हिन न्युज त्यहा आयको छ नेपालको मैलै त्यहा सुने त्यो न्युज च्यानलमा आस्थापद दिईराखेको छ ४ बजे प्रधानमन्त्रिले नेपलाको राष्ट्रको नाममा सम्बोधन गर्दैछ राजिनामा गर्दै छ भनेर त्यो भारतको पत्रिकाले लेखेर नेपालमा राजिनामा गर्ने र नगर्ने भन्ने हुदैन नेपालको प्रधानमन्त्रि नेपालीहरुले बनाउने हटाउने कुरा नेपालीहरुको हो त्यो भारतले गर्ने होईन त्यसैलै त्यस्तो स्तर हिन पत्रकारीता स्तर हिन समाचार कुनै पनि पत्रकारले त्यसतो गर्नुहुदैन यसको सम्प्रेषण यसको वास्तविकता के हो कुन वास्तविकताबाट यो घटना आयको छ त्यो घटनालाई हेरेर त्यो सम्प्रेषण गरीयो भने समाज बलीयो हुन्छ समाजले नया कुरा ल्याउन सक्च नया उन्नति हुन सक्छ त्यो समाज भित्र त्यस्ता कुरा पत्रकारीता ले गर्न पर्छ भन्ने अनुरोध गर्न चाहान्छु र सँगसँगै पत्रकारलाई मीडियालाई कन्ट्रोल गर्ने म सरकारमा छु भनेर कन्ट्रोल गर्ने ध्यानमा जानुहुदैन हो काईनेर गल्ति भयको छ भने सरकारले सम्जाउन सक्छ त्यसका कुरा त्यलाई कन्ट्रोल गर्न सक्छ तर कन्ट्रोल गर्ने कुरामा कानुन तानाशाहि कानुन बनायर पत्रकारको हात बाध्न पाउदैन यो विधेयकले कमसेकम यउटा कुरा के हो भने यसमा सवै कुराहरु लेख्दाखेरी ति कुराहरु परीमार्जित भयको छ र परीमार्जित गरेर पत्रकारलाई खुल्ला रुपमा आफ्ना समाचाहरु आफ्ना सम्प्रेषण गरेको कुराहरु गर्न पाउनुपर्छ भन्ने हाम्रो मान्यता हो धन्यबाद

**माननीय दुर्गा कुमारी कामी**

माननीय सभामुख महोदय रेडियो एफ.एम र टेलीभिजन प्रसारण सम्बन्धि विधेयक यो गरीमामय सभमा टेबुल भय पश्चात सैदान्तिक छलफल भई दफावार छलफल भयको छ यो दफावार छलफलमा धेरै कुराहरु यसमा शंशोधन पनि गरीयको छन कतिपय राम्रा व्यवस्थाहरु छन कतिपय थप गरीयाक छुटेका थप गरीयका कुराहरु पनि आका छन जसले गर्दा यो रेडियो टेलीभिजन सुचनाहरु प्रसारण गर्नको लागि सहज होस भन्ने यो विधेयकले सहयोग पुर्याको छ मैले त्यो महसुस गरेको छु सञ्चारमाध्यम बनेको यस्तो माध्यम हो जो समाजको ऐना हो हामीले सञ्चार मीडियालाई हेरने दृष्टिकोण अलीकति फरक छ कि अथवा सञ्चार माध्यमले कतिपय मीडियाले लेखेकोका केहि समाचारले गर्दाखेरी सिङ्गो सञ्चार मीडियाको अली स्तरता घटेको हो कि भन्ने पनि महसुस गरेको छ त्यसो भको कारणंले गर्दा यो मनपरी जथाभावि र अन्य बिकृतिहरु रोक्नाको लागि पनि यो कानुनु अत्यन्त महतवपुर्ण छ यो अली छिटो आउनुपर्ने मा पनि अज पनि ढीलो भयको छैन सरकारले यसमा अत्यन्त ठुलो चासोका साथ मेहेनताका साथ ल्याउनु भको छ समीतिमा मान्यज्युहरुलाई धेरै मेहेनत गर्नु भयको छ त्यसको लागि म सम्पुर्ण माननीय ज्युहरुलाई धन्यवाद पनि दिन चाहान्छु । यसमा केहि माननीय ज्युहरुले उठायका कुराहरुमा मेरो पनि सहमत छ त्यो भन्दा बाकिका केहि कुराहरु यसमा थप्दा खेरी अजै राम्रो हुन्छ भन्ने मेरो सुझाब छ यो प्रतिवेदन को क. स. १४ को ११ न. को बुदामा यो प्रसारण केन्द्र स्थापना गर्नको लागि यहा बोर्ड हटायको भको कारणले गर्दाखेरी बोर्डले तोकेको दस्तुर बुझाई प्रतिवेदन दिनुपर्नेछ को ठाउमा यो बोर्ड हटाएको भएर यो संशोधन गर्ने बुदामा लेखेको छ । दफा ७ को उपदफा २ बमोजिम कागजात संलग्न गरी दस्तुर बुजाई निवेदन दिनुपर्नै छ भनियको छ यसमा यि तोकिय बमोजिम को दस्तुर बुजाई लीनुपर्ने छ भन्नु पर्यो कि मन्त्रलाय हो भने मन्त्रलायले तोकिय बमोजिमको दस्तुर बुझाई निवेदन दिनुपर्नै छ भन्ने यो शब्द लेख्नु भो भने अलीकति प्रष्ट हुन्छ जस्तो मलाई लागेको छ त्यसैगरी क्र स ७ को दफा १७ को उपदफा २ मा सजायको व्यवस्था गरेको छ यस ऐन बिपरीत कुनै पनि सुचना प्रसारण गरेमा बिज्ञापनहरु ऐन बिपरीत कानुन बिपरीत कसैले गर्यो भने यसको जरीवाना जिम्मेवारी मन्त्रालय भन्ने राखेको यो मन्त्रालयले भन्दा पनि यो कानुन बमोजिम भन्ने शब्द राख्दा खेरी अझै यसमा राम्रो हुन्छ होला जस्तो मलाई किनभने मन्त्रालयले सिफारीस गर्न सक्छ तर सजाय दिने कुराहरु न्ययलयकै हुन्छ त्यसोभयको कारणले गर्दा यउटा कुरा के पनि प्रष्ट हुन जरुरी छ भने यस ऐन यो पनि लागु हुन्छ कानुन अन्य बनेका नेपालका कानुन पनि यसलाई लागु हुन्छन जो ऐन र कानुन बिपरीत काम गर्ने जो सुकै ब्यक्तिहरु भन्ने कुराहरु यो आसयले बोलेको बयर यो कानुन बमोजिम भन्ने कुराहरु राख्दिनु भो भने यले अझै प्रष्ट हुन्छ किनभने यो ऐनले पनि काम गर्छ र यो ऐन बिपरीत काम गर्ने अन्य कानुनले पनि लाग्छ भन्ने कुराहरु हो त्यसैगरे दफा १७ को उपदफा ४ मा क्र.स. ८ मा त्यसमा यो मन्त्रालयले डबल दस्तुरका कुराहरु गरेको छ पटक

पटक गल्ति दोहोर्यमा डबल सजायको कुराहरु गर्दाखेरी यसमा पनि मन्त्रलायको कुरा राखेको छ यसमा पनि अदालतको कुरा अथावा कानुन बमोजिम कारबाहि हुने छ भन्ने कुराहरु राख्यो भने अझै परीष्कृत हुने छ भन्ने मलाई कागेको छ अरु कुराहरु यो बोर्ड हटायको छ यलाई आवश्यक सवैको सुझाबअनुसार यो प्रदेश स्तरको बोर्ड जरुरी चैन भन्ने किसिमको कुरा राख्नु भाको छ जो मीडियालाई अलीकति सहज होस भन्ने खालको कुराहरुले यले राम्रो सहयोग पुग्छ त्यसो भको कारणले गर्दा यो जति कुराहरु शंशोधन भयर आका छन जति विधेयकमा व्यवस्था भयर आयका कुराहरु छन यि कुराहरुले मेरो तर्फबाट यकदम धन्यबाद दिन्छु समर्थन गर्छु र यि सुझाहरुलाई यसमा सम्बन्धन गर्नको लागि अनुरोध गर्छु, धन्यबाद

**माननीय डिल्ली राज पन्त**

माननीय सभामुख महोदय, प्रदेश सरकारले रेडियो एफएम टेलीभिजन प्रसारण सम्बन्धमा ल्यायको बिधेयक आज दफावार छलफल पछि यो पारीत हुने त्रखरमा छ प्रदेश सरकारले ल्याको यो विधेयक मेहेनत गरेको अनुभूति भैरहेको छ हामीले जाने सुने अनुसार ९ जिल्लाका पत्रकार महाशंध पत्रकार जगतका सम्बन्धित सवै सँग सल्लाह बमोजिम उहाहरुले बनायको अनुसार मलाई यस्तो लाग्छ यो तापनि यसमा केहि कुराहरु मेरा लागि अली अली केहि मैले अप्ठ्यारो मानेको छु हस मध्ये सबभन्दा पहिलात यसको प्रस्तावना मै पुर्णतया स्वतन्त्रता पर्ति प्रतिबदता रहि भन्ने कुरा छ सुचनाको निर्बाध प्रसारण भन्ने कुरा छ यो कुरालाई यो विधेयकमा शंशोधन गरेर राखेको छ विधेयकमा त्यसतो केहि लाग्दैन मन्त्रतालयले कानुन बनाउने हो कानुन परीचालन गर्ने अर्को निकाय हुनुपर्छ यो हमीले बिभिन्न यो सञ्चालनका लागि कुनै यउटा स्वतन्त्र सयुक्त निकाय खडा गरेर त्यसको माध्यबाट हामीले यो विधेयकलाई कानुनलाई गर्नुपर्नेमा मन्त्रालयले नै सवै जिम्मा आफैले लीयको छ त्यस्तो देखियको छ बोर्ड हटायको छ कुनै पनि प्रदेशमा बोर्ड रहिन्छ त्यसकारण यहा हटायको भनिन्छ अब अरु प्रदेशमा छ छैन भन्नु भन्दा पनि हामीलाई आवश्यकता छ छैन भन्ने कुरा बुज्नु पर्ने १ र अर्को कुरा यो विधेयक केन्द्रमा अहिले सम्म बन्न सकेको छैन जहासम्म मलाई थाहा छ अब केन्द्रमा बनेपछि यलाई फेरी बाजिन थाल्यो भने पछि यलाई फेरी पुनः शंशोधनको प्रकृयामा लैजानुपर्ने हुन्छ यो सायद समीतिले बुजेको हुन सक्छ त यति हुदाहुदै पनि दफा ३, ४ यि त हटायका छन सञ्चालन सम्बन्धमा दफा ९ मा ईजाजत दिने भन्ने कुरा छ दफा ९ मा बोर्ड हटायको छैन जब बोर्ड हटाउने भने पछि दफा ९ बाट पनि बोर्ड हटाइदिनुपर्यो दफा ९ मा बोर्ड शब्द राखियको छ बोर्ड हटाइयको छैन र यलाई पुनः शंशोधन गर्न म आग्रह गर्दछु त्यस बाहेक दफा १७ को १ मा पनि बोर्ड यथावत छ त्यहा पनि बोर्ड हटायको छैन म यस समीतिका सम्पुर्ण सदष्य ज्युहरुलाई अनुरोध गर्न चाहान्छु यकचोटि यलाई फेरी हेरौ दफा १७ को बोर्ड हटायको छैन र सजाय सम्बन्धि पनि यउटा कुरा के आयो भने पछि मन्त्रलायले आफै रोप लगाउने आफै आरोप पत्र बनाउने आफैकहा दर्ता गर्ने आफले सजाय दिने आफैले

निर्णय गर्ने यो धेरै गलत कुरा हो कुनै यस्तो निकाय हुनुपर्यो जले मन्त्रालयमा पुगावस र मन्त्रालयले अदालतमा पुगाओस सजाय दिने काम त अदालतको हो मन्त्रालयको होईन मन्त्रालय त कानुन खाली परीचालनमा ल्याउने हो र यो अदालतको काम पनि मन्त्रालयले गरीराछ निकायको काम पनि मन्त्रालयले गरीराछ यो अलीमन्त्रलयको लागि असुहनिय हुन्छ जस्तो मलाई लाग्छ त्यस बाहेक दफा १० मा प्रसारण गर्नुभन्दा पहिला बिबरण पेश गर्नुपर्ने लेख्या छ तत्कालका तत्काल कुनै हामीले त्यस्तो सुचना प्रसारण गर्नुपर्यो छ जसलाई हामीले मन्त्रालयमा लीयर गयर त्यसलाई स्विकृति दिनुपर्छ भनेपछि अनि पछि हामीले यो यसमा तोकेको प्रेश को पुर्ण स्वतन्त्रता र सुचनाको निर्वाध प्रसारण भन्ने कुरा कहाँबाट आयो हामीले सुचना प्रसारण भै सके पछि उसले गरेका गल्तिहरु माथि हामीले आरोप लगाउने हो यो प्रसारण दिनुभन्दा पहिला मन्त्रालय धाउनुपर्ने मन्त्रालयमा कोहि मान्छे नभयपछि हामीले प्रसारण गर्न नपाउने तर हरेक सानो सानो सुचनाका लागि पनि हामीले मन्त्रालयबाट स्विकृति लीनुपर्ने यो पत्रकार जगतका लागि धेरै अप्ठ्यो पर्छ यले प्रेश जगतलाई अंकुश लगायको जस्तो मैले मान्य छु त्यसकारण यसलाई पनि स्वतन्त्र गर्दिदा राम्रो होला किनभनेछि प्रदेश सरकारले जो यसको प्रेश प्रति प्रतिबदता सुचनाको निर्वाध प्रसारणका कुराहरु छन यो उसले पाउने छ भन्ने मलाई लाग्छ यि अंकुश या बाट हटाईदिनुपर्छ लाग्छ त्यसतै दफा १३ मा संविधानले व्यवस्था गरेका सवै कार्यक्रम संविधानले निष्ठित गरेका कार्यक्रमबाहेक बाकि सवैलाई सञ्चालन गर्न दिनुपर्छ धेरै कुरा त संविधानमा आईसक्या छन र संविधानमा भयका कुराहरु पनि यहा उल्लेख गरीयका छन यि दफाहरुमा त्यसकारण संविधानमा भयका कुराहरु यसमा उल्लेख नगरौ संबिधान बमोजिम त उल्टो पनि भयाको छ यता पनि उता पनि नराख्दा राम्रो होला जस्तो मलाई लाग्छ र यो प्रसारण गर्न नपाईने कुराहरुमा यसम उल्लेख छ यो विधेयकमा यो मा ति कुराहरु नै छन जो संविधानमा लेख्या छन यो संविधानमा लेख्या कुराहुर यो दफा १६ को यि कुराहरु नलेख्दा हुन्छ र सवभन्दा ठुलो कुरा यो हमीले प्रेशलाई स्वतन्त्र राख्ने हो त्यसमा अंकुश लगाउने होई त्यो अंकुस नलागाउनको लागि यउटा छुट्टै निकाय खडा गर्ने र ति निकायलाई मन्त्रालयले लीयका अधिकारहरु त्यो निकायलाई दिनुपर्ने मलाई लाग्छ र सरकारले लीयको यकाधिकार लाई यो सरकारले हटाउनिपर्छ जस्तो मलाई लाग्छ र यो कुराहरुलाई समीतिमा लगेर पुनः बिचार गर्न सकिन्छ भने गरीयोस भन्ने म चाहान्छु किनभने पछि यो बोर्डको कुराहरु छन यहा लेखियका त्यलाई हटाउन त समीतिमै लैजानपर्ला जस्तो मलाई लाग्छ र यि आपत्तिजनक कुराहरुलाई सरकारले हटाउने छ जस्तो मलाई लाग्छ र सजायकाकुराहरु अंकुस लगाउने कुराहुर हटाईयोस भन्ने चाहान्छु र यसका साथसाथै मैले भन्नु पर्ने नै हुन्छ माननीय अम्बि कुमारी थापा मोटरसाईकल यक्सिडेन्टमा परेर शिघिस्त घाईते हुनुभयको थियो र उहाको सहयोगको लागि माननीय सभामुख जि माननीय उपसभामुख जि माननीय मुख्यमन्त्रि जि माननिय सामाजिक बिकास मन्त्रि जि माननीय

पर्यटन मन्त्र जि लगायत या बिभिन्न सदस्यहरु पुग्नुभयको थियो उहाके नाईट भिजन ल्यायर रातारात उहालाई उपचारका लागि काठमाडौं पुगाईदिनुभयकोमा म आफ्नो तर्फवाट दलको तर्फवाट पनि यो सरकारलाई र सम्पुर्ण सभासदहरुलाई धन्यबाद दिन चाहान्छु र यस बाहेक हाम्रो संसदिय दलले पनि आफ्नों माईन्युटमा सभामुख उपसभामुख लगायत सरकारलाई पनि धन्यवाद दियको जानकारी दिन चाहान्छु धन्यवाद

८. माननीय सदस्यहरू,

"रेडियो, एफर टे .एम.लीगर्न बनेको विधेयक भिजन प्रसारण सम्बन्धमा व्यवस्था" माथि दफावार छलफल समाप्त भई विधायन तथा प्रदेश मामीला समीतिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारीत समय यहीँ समाप्त हुन्छ।

९. माननीय सदस्यहरू,

अब, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई "रेडियो, एफर टे .एम.लीभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

माननीय सभामुख महोदय, रेडियो एफ.एम र टेलीभिजन प्रसारण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि गरिमामय सदनमा छलफल भई प्रदेश मामीला तथा बिधायन समीतिमा पनि धेरै मेहेनत गरेर छलफल भो त्यो छलफल पश्चात आज यो गरीमामय सदनमा माननीय ज्युहरुले त्यो विधेयक माथि असाध्यै महत्पुर्ण विचारहरु राख्नु भो त्यसको भित्र भयका राम्रा पक्षलाई पनि औंल्याउनु भो कहि कतै त्रुटि भयको छ भने त्यलाई सच्यार अगाडि बढ्न पनि सुझाव दिनु भो यि महत्वपुर्ण सुजाब दिने माननियहरुलाई धेरै धन्यबाद दिन चाहान्छु पत्रकार जगत जसले समाजमा भयका हरेक गतिविधिलाई सत्य तथ्यको रुमा जनताको विचमा ल्यायोस जनतालाई सुसिचत गर्ने अधिकार प्राप्त गरोस र त्यसतो सक्षम पत्रकारीताले समग्र राष्ट्रको र यो प्रदेशको हित हुन्छ भन्ने समेटेको छ हामीले मर्यादिद पत्रकारीता अपनाउनु पर्छ स्तरहिन पत्रकारीता नहोस भन्ने बिषयमा जुन माननीय ज्युहरुका सुझाव भय यसले समेटेको छ जहासम्म बोर्ड शब्द आयको छ त्यहि कतै प्रिन्ट मीस्टिङका कारणले आयको हुनसक्छ । बोर्ड शब्द हटाईसकेको छ र त्यसको ठाउमा सरकारले निर्देशिका र नियमावली बनायर त्यलाई अरु कामकारबाहि अगाडि बढाउने छ बोर्डले गर्ने कामहरु निर्देशिकाले सम्बोधन हुने छ त्यसैले विधेयकलाई सुझाव दिनुहुने सल्लाह दिनुहुने र केहि कहिकतै कमीकमजोरी छन भने त्यलाई पनि सच्यार जाने कुराका लागि सरकार गम्भिर छ हामीले यो परीवर्तन शिल संसारमा यो विधेयकमा केहि कतै त्रुटि हुन गयो भने भोली परीबर्तन पनि हुन सक्छ । यलाई सुधार्न पनि सकिन्छ त्यसैले अहिले यो विधेयकले समेटेका कुराहरु माननीय ज्युका सुझावलाई पनि ग्रहण गर्दै त्यलाई पनि समावेश गर्दै यलाई अगाडि बढाउने कुरामा

सरकार क्रियाशिल रहने छ भन्ने कुराहरु यहाहरुको बिचमा राख्दै आफ्ना बिचारहरु राख्नुहुने माननीय ज्युहरुलाई सरकारको तर्फबाट धेरै धन्यवाद दिदै बिदा हुन्छु, नमस्कार ।

१०. माननीय सदस्यहरू,

अब म, रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामीला समीतिबाट पेश हुन आएको प्रतिवेदनमा क्रम संख्या१ (एक) देखि १२ (बाह्र) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनी सुदूरपश्चिमप्रदेशको प्रदेशसभा नियमावली, २०७४ को नियम ११६ बमोजिमसमुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस्।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस्।

(हुन्न भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफलको कार्य समाप्त भई विधायन तथा प्रदेश मामीला समीतिबाट पेशहुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि१२ (बाह्र) सम्मका उल्लेखित संशोधन वा थपहुनुपर्ने व्यवस्था सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

११. माननीय सदस्यहरू,

अब म, विधेयकका २ देखि २१ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धित उपदफाहरू तथा अनुसूची-१ र अनुसूची-२ रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंङ्गबनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ"भन्नुहोस।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न"भन्नुहोस।

(हुन्न भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि २१ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धित उपदफाहरू तथा अनुसूची-१ र अनुसूची-२ सर्वसम्मतिले रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंङ्ग बनेको घोषणा गर्दछु ।

१२. माननीय सदस्यहरू,

अबम, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावनाः पूर्ण प्रेस स्वतन्त्रता प्रति प्रतिवद्ध रहँदै प्रसारणका माध्यमबाट हुने सूचना प्रवाहलाई व्यवस्थापन एवं नियमन गरी सूचनाको निर्वाध प्रसारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम "प्रदेश रेडियो ,एफ.एम. र टेलीभिजनप्रसारण सम्बन्धी ऐन,२०७६" रहेकोछ ।

(२)यो ऐन सुदूरपश्चिमप्रदेशभर लागू हुनेछ ।

(३)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

१३. माननीय सदस्यहरू,

अब म, विधेयकको प्रस्तावना र नाम रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस्।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस्।

(हुन्न भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

१४. माननीय सदस्यहरू,

अव म, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लाई सुदूरपश्चिम प्रदेशको प्रदेशसभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारीत गरीयोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सुदुरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को  यम १२२ बमोजिम सभाबाट पारीत गरीयोस भनि प्रस्ताव पेश गर्दछु धन्यवाद

१५. माननीय सदस्यहरू,

अबम,सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न”भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस्।

(हुन्छ भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस्।

(हुन्न भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारीत भएको घोषणा गर्दछु।

१६. माननीय सदस्यहरू,

रेडियो एफएम तथा टेलिभिनज प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको कारबाही यहीँ समाप्त हुन्छ।

१७. माननीय सदस्यहरू,

आजको बैठकको कारबाहीयहीँ समाप्त हुन्छ । अर्को बैठक मीति २०७७ साल श्रावण २९ गते बिहिबार दिउँसो ३:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु।